कार्यपालिका बैठक संख्या :- ७६
बैठक मिति :- २०७६।१२।१५
अध्यक्षता: नगर प्रमुख श्री द्वारिकलाल चौधरी

निर्णय नं. १

विश्वभर फैलिरहेको कोभिड १९ (कोरोना भाईरस) को कारणले विशेष परिस्थितिको सृजना भएकोले उक्त महामारी नियन्त्रण तथा रोकथाम गर्ने सन्दर्भमा नेपाल सरकारको आव्हानमा देशैभर २०७६/१२/११ बाट लक डाउनको समयमा दलित, विपन्न र दैनिक मजदुरी गरी खाने परिवारहरुको वडास्तरीय समन्वय समितिबाट पहिचान गरि लगत खडा गरि त्यस्ता परिवारहरुलाई खाद्यान्न वितरण गर्नका लागि तत्काल कार्यालयबाट खरिद प्रकिया अगाडी वढाई राहत वितरण गर्न असम्भव देखीएकाले वडा स्तरीय समन्वय समितिबाट राहत वितरण गरी राहत वितरण गर्दा भएको खर्चको बिल भरपाईका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २

विश्वभर फैलिरहेको कोभिड १९ (कोरोना भाईरस) महामारी नियन्त्रण तथा रोकथाम गर्ने सन्दर्भमा दलित, विपन्न र दैनिक मजदुरी गरी खाने परिवारलाई राहत उपलब्ध गराउने प्रयोजनका लागि प्रकोप व्यवस्थापन कोषमा नगरपालिकाको संचित कोषबाट ८० लाख, नगर कार्यपालिका सदस्य तथा सवै वडा सदस्यहरुको तर्फबाट १ महिनाको पारिश्रमिक र कर्मचारीहरुको तर्फबाट ७ दिनको तलब बराबरको रकम उक्त कोषमा जम्मा गर्ने निर्णय गरियो । साथै इच्छुक सहयोगी दाता, संघसंस्था, उद्योगी, व्यवपारी, नगरवासी तथा देशविदेशमा रहनु भएका मानुभावहरुलाई सहयोग गर्न इच्छुक सवैलाई नेपाल वैंक लिमिटेड, इटहरीमा रहेको प्रकोप व्यवस्थापन कोष इटहरी उपमहानगरपालिकाको खाता नं. ०५९०३००००००००५००४००२ खातामा रकम जम्मा गर्नका लागि आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

विश्वभर फैलिरहेको कोभिड १९ (कोरोना भाईरस) नियन्त्रण तथा रोकथाम गर्ने सन्दर्भमा नेपाल सरकारको आव्हानमा देशैभर २०७६/१२/११ बाट लक डाउन गरेको हुँदा नगर क्षेत्रभित्रका सवै घरधनीहरुबाट लकडाउन अवधिभर आधा महिनाको घरभाडा छुट गर्नका लागि आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

विश्वभर फैलिरहेको कोभिड १९ (कोरोना भाईरस) नियन्त्रण तथा रोकथामका लागि इटहरी उपमहानगरपालिका क्षेत्रभित्र बिभिन्न स्थानमा खटिएका इटहरी अस्पताल, बर्थिङ सेन्टर र शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा कार्यरत करारका कर्मचारीहरुलाई मिति २०७६ माघदेखिको नेपाल सरकारले तोके बमोजिमको तलव स्केल उपलब्ध गराउने निर्णय गरियो ।